# सुर्खेत जिल्ला अदालत

बीरेन्द्रनगर, सुर्खेत

☎ ०८३-५२०३३५/०८३-५२०२३५


प.स. २०७७/७८

च.नं.

मितिः २०७८/१/१४

## सुर्खेत जिल्लाभर निषेधाज्ञा जारी भएको सन्दर्भमा यस अदालतको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण छिमेकी जिल्लाहरू बाँके, बर्दियालगायत यस जिल्लामा पनि तिब्र रूपमा बढिरहेको अवस्थालाई दृष्टिगत गरी कोभिड-१९ को साङ्लो तोड्न तथा संक्रमणको जोखिम नियन्त्रण, रोकथाम र उपचारका लागि जिल्ला प्रशासन कार्यालय सुर्खेतबाट संक्रामक रोग ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम सुर्खेत जिल्लाभर मिति २०७८/०१/१४ गते राति १२:०० बजेदेखि २०७८/०१/२१ गते राति १२:०० बजेसम्म निषेधाज्ञा जारी गरिएको सन्दर्भमा सर्वसाधारणको आवागमनमा असहजताको अवस्था सिर्जना भई यस अदालतका कामकारबाहीहरू समेत प्रभावित हुने भएकाले मिति २०७८/०१/१४ मा बसेको बार र बेन्चको बैठकबाट उक्त निषेधाज्ञाको अवधिभर **बन्दीप्रत्यक्षीकरण सम्बन्धी रिट निवेदन, कोभिड-१९ सँग सम्बन्धित रिट निवेदन, म्याद थप, पक्राउ पुर्जी जारी, जरुरी पक्राउ पुर्जी समर्थन, अभियोगपत्र दर्ता, बयान, थुनछेक आदेशसम्बन्धी सुनुवाई, घरेलु हिंसासम्बन्धी फिरादपत्र दर्ता, मिलापत्र, मुद्दा फिर्ता, डिसमिस, तामेली, कसुर ठहर भएका मुद्दामा सजाय निर्धारण सम्बन्धी सुनुवाई तथा सरकारवादी मुद्दाहरूमा अनुसन्धान अधिकारीमार्फत् हुने कार्यहरू** बाहेक अदालतबाट प्रवाह हुने अन्य नियमित सेवाहरू स्थगन गर्ने निर्णय भएको हुँदा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०७८/१/१४

(यम प्रसाद बाँसकोटा)
श्रेस्तेदार (उप-सचिव)

**श्रेस्तेदार**
**(उप-सचिव)**